कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

धनकुटा, नेपाल

कोशी प्रदेश पर्यटन वर्ष २०८२

पत्र संख्या:-२०८२/०८३

चलानी नम्बरः-

मितिः-२०८२/०७/२०

ने.सः-११४६,कछलागा पारू, विहिबार

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय धनकुटा, नेपाल

## गणित विषयको उम्मेदवार सिफारिस कार्य स्थगित गरिएको सूचना !!!

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षक व्यवस्थापन समन्वय शाखा, सानोठिमी भक्तपुरको च.नं. ४७ मिति २०८२/०७/१९ को पत्रसाथ संलग्न सम्मानित सर्वोच्च अदालतको मिति २०८२/०७/११ को अल्पकालीन अन्तरिम आदेश अनुसार शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. ३०२०३/८१/८२, गणित विषय, महिला समूह तर्फको उम्मेदवार सिफारिस सम्बन्धी कार्य कार्यान्वयन नगर्नु नगराउनु भन्ने आदेश भएको र उम्मेदवार सिफारिस गर्दा एकीकृत योग्यताक्रमानुसार जिल्ला सिफारिस गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले नतिजा परिवर्तन भएमा एकीकृत योग्यताक्रम समेत परिवर्तन हुनसक्ने भएकाले यस निर्देशनालयको मिति २०८२/०७/२० को निर्णयानुसार सम्बन्धित निकायबाट अर्को निर्देशन वा आदेश प्राप्त नहुञ्जेसम्मका लागि माध्यमिक तह गणित विषयको जिल्ला सिफारिस सम्बन्धी कार्य स्थगित गरिएको ब्यहोरा सम्बन्धित उम्मेदवारहरुलाई यसै सूचनामार्फत जानकारी गराइन्छ।

२०८२/७/२०

(कृष्णप्रसाद पोखेल)

**निर्देशक**

फोन नं. ०२६-५२२२२०

ईमेलः- reddkt@gmail.com

वेबसाइटः-www.edd.koshi.gov.np

*"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"*